## Trade Based Money Laundering and Trade Fraud विषयमा दुई दिने कार्यशाला गोष्ठी सम्पन्न ।

वित्तीय जानकारी इकाई (FIU–Nepal) को सहकार्यमा एसियाली विकाश बैंक (ADB) ले मिति २०८३ असार ३ र ४ गते व्यापारमा आधारित सम्पत्ति शुद्धीकरण (TBML) तथा व्यापारिक ठगी (Trade Fraud) सम्बन्धी दुई दिने कार्यशाला गोष्ठी काठमाडौंमा आयोजना गऱ्यो । उक्त कार्यक्रमको उद्देश्य TBML तथा Trade Fraud सम्बन्धमा सरोकारवालाको बुझाई अभिबृद्धि गरी त्यस्ता अपराधलाई निरुत्साहित गर्नु रहेको थियो ।

उक्त कार्यशालामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, विशेष अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरण, भन्सार विभाग, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी प्रधान कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय, विशेष सरकारी वकील कार्यालय, सार्वजानिक खरिद अनुगमन कार्यालय, वित्तीय जानकारी इकाई र सम्पुर्ण वाणिज्य बैंकका गरी ८० जनाभन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।



कार्यशालाको पहिलो दिन उद्घाटन सत्रमा ADB का नेपाल हेर्ने Country Director, Arnaud Cauchois ले सहभागीहरुलाई स्वागत गर्दै अन्तर्राष्ट्रिय व्यापारको माध्यमबाट भइरहेको सम्पत्ति शुद्धीकरण निकै चुनौतिपूर्ण र गम्भीर रहेको बताउनुभयो ।

सोही कार्यक्रममा वित्तिय जानकारी इकाईका का.मु. निर्देशक केशव प्रसाद रिमालले TBML तथा Trade Fraud लाई रोक्न सम्पुर्ण सम्बद्ध निकाय तथा सरोकारवाला पक्षहरु विचको समन्वयकारी भुमिकाका आवश्यक रहेको धारणा राख्नुभयो । नेपालले व्यापारमा आधारित वित्तीय अपराधहरु विरुद्ध प्रभावकारी रुपमा कारवाही गर्न र अवैध सम्पत्ति फिर्ता ल्याउन नियामक निकाय, बैंक, भन्सार र अन्य निकायहरुबीचको सहकार्यलाई तीव्र बनाउदै लगिएको समेत बताउनुभयो ।

पहिलो दिनमा उद्घाटन सत्रपश्चात् विभिन्न विषयगत सत्रहरु सञ्चालन गरिनुका साथै विज्ञ तथा सरोकारवालाहरु वीच प्यानल छलफल आयोजना गरिएको थियो । सहभागीहरुबाट उठेका जिज्ञासा तथा प्रश्नहरुलाई प्यानलिष्ट ADB का Principal Integrity Officer, Carlo Antonio Garcia, वित्तीय जानकारी इकाईका उप निर्देशक, सचिन राज पिया, भन्सार विभागका निर्देशक, सुरेन्द्र पाण्डे तथा नेपाल इन्भेष्टमेण्ट मेगा बैंकका अनुपालना प्रमुख सगुन पाठकले सम्बोधन गर्नु भएको थियो । TBML विज्ञ Nathan Lynch ले प्यानल छलफलमा Moderator को भुमिका निभाउनु भएको थियो ।



कार्यशाला गोष्ठीको दोस्रो दिन पनि TBML तथा Trade Fraud सँग सम्बन्धित विभिन्न विषयगत सत्रहरु सञ्चालन गरिएको थियो । इकाईका सहायक निर्देशक सपना खत्री र नविल बैंक लिमिटेडका AML/CFT Head, सन्दिप कुमार सिग्देलले नेपालमा भएका TBML तथा Trade Fraud सम्बन्धमा Case study हरु प्रस्तुत गर्नुभएको थियो भने Trade Finance Expert Vincent O'Brien ले TBML तथा Trade Fraud सम्बन्धी International case study हरु प्रस्तुत गर्नुभएको थियो । दोस्रो दिनको कार्यक्रममा Carlo Antonio Garcia र सचिन राज पियाले TBML-STR Pilot Project सम्बन्धी प्रस्तुति दिनुभएको थियो ।

दुई दिनसम्म सञ्चालन भएको कार्यशाला गोष्ठीले सहभागीहरुमा व्यापारमा आधारित सम्पत्ति शुद्धीकरण तथा व्यापारिक ठगीका विषयमा ज्ञान प्राप्त गरी क्षमता अभिवृद्धि भएको विश्वास गरिएको छ । उक्त कार्यक्रम ADB ले Trade and Supply Chain Financial Program (TSCFP) अन्तर्गत सञ्चालन गरेको हो ।